नरैनापुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नरैनापुर , बाँके

लुम्बिनी प्रदेश , नेपाल

पत्र सख्या : ०७८/०७९
चलानी नं. ९०

मिति २०७८/०४/०५

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउने सम्बन्धी अत्यन्त जरूरी सूचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा ( पहिलो संशोधन ) नियमावली , २०७७ को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि , २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरूले चालु आ.व. ०७८/०७९ मा पनि नियमित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न भाद्र मसान्त भित्र परिचयपत्र नवीकरण गर्नका लागि सम्बन्धित लाभग्राहीहरूले आ- आफ्नो वडा कार्यालयमा गई परिचयपत्र नवीकरण गराउनु हुनको लागि यो सुचना प्रकाशित गरिएको छ । बालाबालिका , पुर्ण अपाङ्गता भएका , ९० वर्ष माथि वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजका आमा , बुवा , संरक्षक / माथवर उपस्थित भई नवीकरण गराउन सक्नेछ ।

आवश्यक कागजातहरू

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी ,
- पासपोर्ट साईजको २ प्रति फोटो ,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको बैंक खाता नम्बर ,
- बालाबलिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपी र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ,
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी ,
- असहाय एकल महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नरेको वडाको सिफारिस ,
- सम्वन्ध विच्छेद गरी अर्को विवाह नगरेकी ६० वर्ष माथिको हकमा सम्बन्धविच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारिस ,
- न्यायिक पृथकिकरण गरी बसेका ६० वर्ष माथिका महिलाको हकमा न्यायिक पृथकिकरण भएको प्रमाणपत्र ,
- ६० वर्ष माथिका अविवाहित महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस ,

नोट :

- तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।
- नवीकरण गर्ने मिति कार्तिक मसान्त सम्म भए तापनि असोज मसान्त अगावै नवीकरण गरिसक्नुहुन अनुरोध छ ।

बोधार्थ
श्री सबै वडा कार्यालय, नरैनापुर गाउँपालिका , बाँके ।

०७८/०४/०५
जय प्रकाश पाठक
पञ्जिकरण शाखा प्रमुख

जय प्रकाश पाठक
पञ्जिकरण शाखा प्रमुख